मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

आज २१ मार्च, ६१ औं अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस। मानव समाजमा रहेका जातीय विभेद, असमानता र अन्यायको अन्त्य गर्दै समावेशी र समतामुलक समाज निर्माण गर्न महत्वपूर्ण उपलब्धि हासिल होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

सन् १९६० मा दक्षिण अफ्रिकाको Sharpeville Massacre मा शान्तिपूर्ण प्रदर्शनकारीहरूमाथि भएको क्रूर दमनको सम्झनामा यस दिवसको सुरुवात गरिएको हो। मानव समाजमा विद्यमान जातीय विभेद, छुवाछुत तथा रङ्गभेद जस्ता अमानवीय प्रथाहरू हाम्रो सभ्यता, समतामूलक र समुन्नत समाज निर्माणका बाधक हुन्। समाजमा विद्यमान कुसंस्कारहरूको अन्त्य गरी समानता, सहअस्तित्व र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्नु हामी सबैको दायित्व हो। नेपालले २०६३ सालमा देशलाई छुवाछुत मुक्त राष्ट्रको रूपमा घोषणा गरेर ऐतिहासिक महत्त्वको काम गरेको छ। जन आन्दोलनको जगमा गरिएको यो घोषणा अत्यन्तै महत्वपूर्ण र दुरगामी निर्णय थियो।

कोशी प्रदेश सरकार स्थापना भएदेखि नै जातीय विभेद तथा हिंसा नियन्त्रणका लागि विभिन्न नीतिगत तथा व्यवहारिक काम गर्दै आएको छ। सबै खाले विभेद र छुवाछुत मुक्त समाज निर्माणका लागि कानुन निर्माणसँगै समुदायस्तरमा जनचेतना अभिवृद्धि, कानुन कार्यान्वयन तथा पीडितलाई न्याय दिलाउने प्रक्रियालाई सुदृढ बनाउने कार्यमा प्रदेश सरकार प्रतिबद्ध छ। हिंसा न्यूनीकरणका लागि स्थानीय तहसँग सहकार्य गर्दै सचेतनामूलक कार्यक्रम, महिला तथा दलित समुदायको सशक्तीकरण र सामाजिक सद्भाव प्रवर्धनका गतिविधिहरूमा हामी क्रियाशील छौं।

मानिसलाई उसको जाति, वर्ण, रंग वा उत्पत्तिका आधारमा गरिने असमान व्यवहार निन्दनीय छ। आज पनि विश्वका धेरै स्थानमा जातीय विभेद विद्यमान छ, जसले गर्दा समान अवसर र न्याय प्राप्तिमा चुनौती देखिन्छ। सबै प्रकारका विभेदको अन्त्य गरी सबैको समान अवसर र अधिकार सुनिश्चित गर्दै समावेशी तथा न्यायपूर्ण समाज निर्माणमा सबैको सक्रिय सहभागिता अपरिहार्य छ। नेपालजस्तो बहुजातीय र बहुसाँस्कृतिक देशमा सबै जातजाति, भाषा र संस्कृतिको सम्मान गर्नु अत्यन्त आवश्यक छ। यहाँको विविधता नै हाम्रो शक्ति हो। त्यसैले हामीले आपसी सम्मान, सहिष्णुता र समावेशी सोच विकास गर्नुपर्दछ।

अन्त्यमा, जातीय भेदभावको अन्त्य गर्दै समानता, शान्ति र सद्भावसहितको सभ्य र समुन्नत समाज निर्माण गर्न हामी सबैको ऐक्यबद्धता हुने विश्वास लिएको छु।

२१ मार्च २०२६

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री